## माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८)        पुष ९ गते, २०८१ साल

भाग २


### माण्डवी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### जस्पुर, प्यूठान
### लुम्बिनी प्रदेश, नेपालको

### सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम माण्डवी माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०९/०९ को बैठकबाट टोल विकास संस्था गठन तथा परिचालन (पहिलो संशोधन) कार्यविधि २०८१ संशोधन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना  प्रकाशन गरिएको छ।

## टोल विकास संस्था गठन तथा परिचालन (पहिलो संशोधन) कार्यविधि २०८१

प्रस्तावनाः माण्डवी गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
माण्डवी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "**टोल विकास संस्था गठन तथा परिचालन (पहिलो संशोधन) कार्यविधि २०८१"** रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०७६ को दफा ६ मा संशोधन:** टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०७६ को दफा ६ को उपदफा १ को खण्ड (च) मा रहेको " टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज,उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने " भन्नेमा देहाय बमोजिम राख्ने।

" (च) समुदायमा जोखिममा रहेका घरधुरी पहिचान गर्ने, जोखिम स्थान र सुरक्षित स्थान पहिचान गरी सो को जानकारी समुदायलाई प्रवाह गर्ने।
स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायहरुवाट प्राप्त भएका मौषम पूर्वानुमान तथा विपद जोखिम सम्वन्धि पूर्वानुमान समुदायमा प्रवाह गर्ने,
समुदायमा खोज उद्दार र प्राथमिक उपचारका लागी स्थानीय सरकार र सरोकारवाला वीच समन्वय र सहकार्य गर्ने,
विपद पश्चात खोज उद्दार र राहत वितरण कार्यमा सहयोग गर्ने,
पुर्ननिर्माण तथा पुर्नस्थापना कामलाई विपद उत्तरदायी वनाउनको लागी समुदायमा सचेतीकरणका क्रियाकलाप गर्ने। र पुर्ननिर्माण, पुर्नस्थापना र पुर्नलाभका प्रक्रियामा सहजिकरण गर्न "

**आज्ञाले,**

**प्रमाणीकरण मिति: २०८१/०९/०९**

**भिमकान्त भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**